नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :-
च.नं.

# प्रेस विज्ञप्ति

संसारका १४ वटा अग्ला हिमालहरुमध्ये चीनको तिब्बतमा रहेको १४ औं अग्लो शिसापाङमा हिमाल (८०२७ मि.) आरोहणको क्रममा नेपालको पर्वतीय पर्यटनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका नेपाली तथा गैर नेपाली आरोहीहरुको हिम पहिरोमा परी अवस्था अज्ञात रहेको भन्ने खबरले मन्त्रालय स्तब्ध भएको छ। नेपाल पर्वतारोहण सङ्घ र नेपाली पर्वतारोहण सञ्चालक कम्पनीहरुका अनुसार मिति २०८० असोज २० गते (सन् २०२३ अक्टोबर ७) विहान करिव ११:०० बजे आरोही गाइड मिङमार शेर्पा (राहदानी नं. PA१५५१४८१) र अमेरिकी नागरिक Ms. Anna Gutu (राहदानी नं. ५६९५६२०२६) को हिमपहिरोका कारण बेपत्ता भएकोमा सोही दिन दुवैजनाको मृत शरीर भेटिएको; अमेरिकी नागरिक Ms. Gina Marie Rzucidlo (राहदानी नं. ५४६००७७३१), आरोही गाइड तेन्जेन शेर्पा (लामा) (राहदानी नं. १०७५३३५७) को दिउँसो करिब १:०० बजे हिम पहिरोमा परी दुवैको अवस्था हालसम्म अज्ञात रहेको र कर्मा ग्याल्जेन शेर्पा (राहदानी नं. PA१२३९७०१), मित्र बहादुर तामाङ (राहदानी नं. ०७६०१२५३) र कामिरीता शेर्पा (राहदानी नं. PA१७९७४५८) गम्भीर रुपमा घाइते भएको जानकारी प्राप्त भएको छ। हराइरहेका, घाइते आरोही गाइड र शेर्पाहरुको खोज तथा उद्धारको लागि मन्त्रालयले आवश्यक पहल गरिरहेको र केहीलाई उद्धार गरी उपचार भइरहेको जानकारी गराउन चाहन्छौं। अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त एवम् विश्व रेकर्ड राख्न सफल आरोही गाइड र शेर्पाहरुको मृत्यु र अज्ञात अवस्थाको खबरले मन्त्रालय र सिंगो पर्वतारोहण क्षेत्र स्तब्ध भएको छ। यस दु:खद घडीमा मृतकका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

मितिः २०८०/०६/२२

सहसचिव/प्रवक्ता